annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ३३३, पृष्ठ ८ | काठमाडौं, आइतबार २९ चैत २०८२ | वैशाख कृष्णपक्ष दशमी, नेपाल संवत् ११४६ | SUNDAY, APRIL 12, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०


आवरण समाचार

# उल्झनमा न्याय : पीडक पहिचानमा अबौं खर्च

सशस्त्रद्वन्द्व अन्त्य भएको नै दुई दशक पूरा भएको छ। विस्तृत शान्ति सम्झौता भएको पनि २० वर्ष भइसक्यो। तर, संक्रमणकालीन न्याय अझै टुंगिएको छैन। न्यायका नाममा दुई उच्चस्तरीय आयोग बनेका छन्। यी आयोगमा झन्डै ८० हजार उजुरीको चाङ छ। तर, कामको गति भने शून्य प्राय: छ। उजुरीमाथि अनुसन्धान ठप्प छ। दोषीलाई कारबाहीको सिफारिस हुन सकेको छैन। बरु पीडक पहिचानका नाममा राज्यको अबौं रुपैयाँ खर्च भइरहेको छ।

**दिनेश गौतम** | *काठमाडौं*

विस्तृत पृष्ठ २




# विश्वको ध्यान खिच्दै अमेरिका-इरान वार्ता



**एजेन्सी** | *इस्लामावाद*

अमेरिकी र इरानी प्रतिनिधिमण्डलबीच पाकिस्तानको राजधानी इस्लामावादमा प्रत्यक्ष वार्ता सुरु भएको छ। शनिबार साँझदेखि सुरु भएको वार्ताबारे थप सार्वजनिक गरिएको छैन।

अमेरिकी टोलीको नेतृत्व उपराष्ट्रपति जेडी भान्सले गरिरहेका छन् भने साथमा राष्ट्रपति डोनाल्ड ट्रम्पका ज्वाइँ जेरेड कुश्नर र मध्यपूर्वका लागि विशेष दूत स्टिभ विट्कोफ सहभागी छन्। इरानी टोलीको नेतृत्व भने संसद्का सभामुख मोहम्मद बाघेर घालिबाफले गरिरहेका छन्। विदेशमन्त्री अब्बास अराघचीलगायतका नेताहरू वार्तामा संलग्न छन्।

दुवै देशका आर्थिक, राजनीतिक र कानुनी प्राविधिक समितिहरूबीच पनि बैठकहरू भएका छन् भने वार्ताकारहरूसँगै विज्ञहरूको पनि सहभागिता रहेको पाकिस्तानी पत्रिका डनले जनाएको छ। इरानी सरकारले सामाजिक सञ्जाल 'एक्स' मार्फत वार्ता सुरु भएको र आर्थिक, सैन्य, कानुनी तथा आणविक समितिहरू पनि यसमा जोडिएको पुष्टि गरेको छ।


वार्ता अमेरिका-इजरायल र इरानबीचको दुई साता लामो युद्धविरामको बीचमा भइरहेको हो। गत फेब्रुअरी २८ मा सुरु भएको द्वन्द्वले विश्व अर्थतन्त्रमा धक्का दिएपछि पाकिस्तानको मध्यस्थतामा अप्रिल ८ देखि अस्थायी युद्धविराम गरिएको थियो।

वार्ताअघि प्रधानमन्त्री शहबाज सरिफले अमेरिका र इरानका प्रतिनिधिमण्डलसँग छुट्टाछुट्टै भेटवार्ता गरेका थिए। इरानी टोलीसँगको भेटमा प्रधानमन्त्रीले क्षेत्रीय र विश्व शान्तिका लागि पाकिस्तानले मध्यस्थकर्ताको भूमिका जारी राख्ने दृढ संकल्प गरेको पाकिस्तानी सञ्चार माध्यमहरूले जनाएका छन्। भेटमा उपप्रधानमन्त्री इशाक दार, सेना प्रमुख फिल्ड मार्शल असिम मुनिर र गृहमन्त्री मोहसिन राजा नकवी सहभागी थिए। त्यसैगरी, अमेरिकी टोलीसँगको भेटमा प्रधानमन्त्रीले यो वार्ता क्षेत्रमा दिगो शान्तिका लागि सहयोगी हुने विश्वास गरे।

अमेरिकी उपराष्ट्रपति भान्स शनिबार बिहान १०:३० बजे सरकारी जहाजबाट नुर खान एयरबेस उत्रिएका थिए। उनलाई पाकिस्तानी उच्च अधिकारीहरूले स्वागत गरेका थिए। इरानी टोली भने शनिबार बिहानै इस्लामावाद आइपुगेको थियो। लेबनानमा इजरायली आक्रमण रोकिने सर्तमा मात्रै तेहरान वार्तामा सहभागी हुन सहमत भएको थियो।

शुक्रबारसम्म यो वार्ता लगभग बिथोलिने अवस्थामा पुगेको थियो। सभामुख घालिबाफले लेबनानमा युद्धविराम र विदेशमा रोक्का गरिएको करिब ७ अर्ब डलर बराबरको इरानी सम्पत्ति फुकुवा हुनुपर्ने दुईवटा मुख्य सर्त राखेका थिए।

इरानले लेबनानमा हिजबुल्लाहसहित सबै मोर्चामा युद्धविराम हुनुपर्ने अडान राखेको छ भने अमेरिका र इजरायलले लेबनानमाथिको आक्रमणलाई यो युद्धविरामको दायराभन्दा बाहिर राख्न खोजेका छन्। अमेरिका प्रस्थान गर्नुअघि भान्सले वार्ता सकारात्मक हुने आशा व्यक्त गरेका थिए राष्ट्रपति ट्रम्पले इरानसँग अब धेरै विकल्प बाँकी नरहेको भन्दै वार्ता असफल भए सैन्य कारबाही हुन सक्ने कडा चेतावनी दिएका छन्।



वासिङ्टनस्थित दक्षिण एसियाली मामिलाका विज्ञ माइकल कुगेलम्यानले यसलाई 'पाकिस्तानको वर्षौंपछिको सबैभन्दा ठूलो कूटनीतिक जित' भनेका छन् ।

अमेरिकाले इरानको आणविक कार्यक्रममा कडाइ गर्न चाहेको छ भने इरानले पूर्ण प्रतिबन्ध फुकुवा, आणविक अधिकारको मान्यता र रोक्का रकममा पहुँच मागिरहेको छ। यी जटिल मुद्दाहरूका कारण दुई दिनको वार्ताबाट कुनै ठोस नतिजा निस्कनेमा विश्लेषकहरूले शंका व्यक्त गरेका छन्।

**पाकिस्तानको सफल कूटनीति**

पाकिस्तानले अमेरिका र इरानबीच दुई साता लामो युद्धविराम गराउन सफल भएको छ। शनिबारदेखि इस्लामावादमा औपचारिक शान्ति वार्ता भइरहँदा राजधानी इस्लामावादमा दुई दिनको सार्वजनिक बिदा घोषणा गरिएको छ भने १० हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन गरी सुरक्षा व्यवस्था अत्यन्तै कडा पारिएको छ।

विश्वकै नजर अहिले यो वार्तामा अडिएको छ। विशेषगरी विश्वको २० प्रतिशत तेल आपूर्ति हुने 'स्ट्रेट अफ हर्मुज' युद्धका कारण अवरुद्ध भएकाले यसलाई पुन: सञ्चालनमा ल्याउन विश्व समुदाय आतुर छ।

» बाँकी पृष्ठ २

# पृथ्वीमा फर्किए आर्टिमिसका नायकहरू

**रामकला खड्का** | *काठमाडौं*



नासाको ऐतिहासिक आर्टिमिस २ मिसन सफलतापूर्वक सम्पन्न गरी ४ अन्तरिक्षयात्री शनिबार बिहान पृथ्वीमा फर्किएका छन् । यसको सफलतासँगै नासाले अब सन् २०२७ का लागि आर्टिमिस ३ मिसनको तयारी सुरु गर्ने बाटो खुलेको छ । उक्त मिसनले चन्द्रमाको सतहमा अवतरण गर्ने प्रविधिको परीक्षण गर्नेछ ।

नासाको ऐतिहासिक आर्टिमिस २ मिसन सफलतापूर्वक सम्पन्न गर्दै चार अन्तरिक्षयात्री शनिबार बिहान पृथ्वीमा फर्किएका छन्। उक्त मिसनअन्तर्गत चन्द्रमाको वरिपरि चक्कर लगाएर उनीहरू अमेरिकाको क्यालिफोर्नियास्थित सान डिएगोको तटनजिकै प्रशान्त महासागरमा सुरक्षित रूपमा अवतरण गरेका हुन्।

उनीहरूलाई महासागरमा अवतरणपछि हेलिकप्टरमार्फत 'यूएसएस जन पी. मुर्था' नामक जहाजमा लगिएको थियो। त्यहाँ उनीहरूको स्वास्थ्य जाँच गरिएको थियो। १० दिनको यस यात्रामा उनीहरूले पृथ्वीबाट २ लाख ५२ हजार ७ सय ५६ माइलको दूरी तय गरे, जुन मानव इतिहासमै अहिलेसम्मको सबैभन्दा टाढाको दूरी हो।

यस मिसनले मानव इतिहासमै पृथ्वीबाट सबैभन्दा टाढा पुग्ने कीर्तिमान कायम गरेको छ। अन्तरिक्ष यात्रीहरूको टोलीमा कमान्डर रिड वाइजम्यान, पाइलट भिक्टर ग्लोभर, मिसन विशेषज्ञ क्रिस्टिना कोच र क्यानेडियन अन्तरिक्षयात्री जेरेमी ह्यान्सेन छन्। यस यात्राको नेतृत्व वाइजम्यानले गरेका हुन् भने ह्यान्सेन चन्द्रमामा पुग्ने पहिलो क्यानेडेली नागरिक हुन्।

**अन्तरिक्षयात्रीको अद्भुत यात्रा !**

शनिबार पृथ्वीमा अवतरण गरेपछि आर्टिमिस २ को टोलीले आफ्नो १० दिने चन्द्र मिसनलाई एक भव्य र ऐतिहासिक यात्राको रूपमा वर्णन गरेका छन्।

कमान्डर रिड वाइजम्यानले मानव जातिले यसअघि कहिल्यै नदेखेका दृश्यहरू अवलोकन गरेको कुरामा जोड दिँदै भने, 'कस्तो अद्भुत यात्रा!' त्यसैगरी पाइलट भिक्टर ग्लोभरले अन्तरिक्षको विशाल शून्यतामा पृथ्वीलाई एउटा सुन्दर 'ओएसिस' (मरुद्यान) को रूपमा चित्रण गरे। हावा नभएको र निर्जीव शून्यताको बीचमा पृथ्वीमात्र एउटा यस्तो सुन्दर ठाउँ हो जहाँ जीवन सम्भव छ भन्ने तथ्यलाई उनले ओएसिसको संज्ञा दिएका हुन्। टोलीले यस मिसनलाई ओरियन क्याप्सुलको क्षमता परीक्षण गर्ने एक 'पाठ्यपुस्तक' जस्तै सफल र त्रुटिरहित मिसनको रूपमा व्याख्या गरे। मिसन विशेषज्ञ जेरेमी ह्यान्सेनले एक व्यक्तिगत परम्पराको सम्मान गर्दै चन्द्रमाको एउटा क्रेटर (खाडल) को नाम वाइजम्यानकी स्वर्गीय पत्नी क्यारोलको नाममा राखे, जसलाई उनले मिसनको सर्वोच्च क्षण भनेका छन्। अन्तरिक्ष यात्री क्रिस्टिना कोचले आफूले अन्य सबै कुराभन्दा बढी मिसनको सामीप्यता र मित्रतालाई याद गर्ने जनाइन्।

पृथ्वीमा फिर्ता हुनुअघिको उनीहरूको एउटा सन्देश निकै हृदयस्पर्शी थियो। चन्द्रमाको पछिल्लो भागमा सञ्चार विच्छेद हुनुभन्दा ठीक अघि टोलीले सन्देश पठाउँदै भनेको थियो, 'हामी अझै पनि पृथ्वीबाट तपाईंहरूको माया महसुस गरिरहनेछौं। पृथ्वीमा र पृथ्वीको वरिपरि रहनुभएका तपाईंहरू सबैलाई चन्द्रमाबाट हाम्रो धेरै माया।' पृथ्वीमा फर्किएपछि पनि उनीहरूले आफूहरू खुसी र स्वस्थ रहेको जानकारी दिएका छन्।

» बाँकी पृष्ठ ६